म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १०८ शुक्रबार १४ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 29 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विपन्न बालबालिकालाई सहयोग


हेटौंडा, १३ मंसिर/तिहारमा देउसीभैलो खेलेर संकलन भएको रकमबाट अपाङ्गता भएका, जेहेन्दार र विपन्न बालबालिकालाई शैक्षिक सामग्री तथा न्यानो कपडा सहयोग गरिएको छ । वडा बालसञ्जाल मनहरी-३ ले गत तिहारको अवसरमा देउसी खेलेर संकलन भएको रकमबाट १० जना बालबालिकालाई १७ हजार बराबारको सहयोग गरिएको हो । मनहरी गाउँपालिका वडा नं. ३ को कार्यालयमा एक कार्यक्रमका बीच गाउँपालिकाका उपाध्यक्ष सीता पुलामीमगरले सो सहयोग बालबालिकालाई हस्तान्तरण गरेकी हुन् । कार्यक्रममा मनहरी-३ का कार्यबाहक अध्यक्ष हीराबहादुर प्रजा, बालसहजकर्ता लीला तामाङ, बालसञ्जाल मनहरीका अध्यक्ष मुना भण्डारी, वडा बालसञ्जाल मनहरी-३ का अध्यक्ष सर्मन सुनाम लगायतको उपस्थिति थियो । गत तिहारमा वडा बालसञ्जालको आयोजनामा देउसीभैलो साँस्कृतिक कार्यक्रम आयोजना गरी १ लाख १७ हजार रकम संकलन भएको र खर्च कटाएर बाँकी रहेको रकमबाट बालबालिकालाई सहयोग गरिएको मनहरी गाउँपालिकाको बाल सहजकर्ता लिला तामाङले जानकारी दिइन् ।

### हेटौंडा-१२ उपनिर्वाचन

# शान्तिपूर्ण निर्वाचन गराउन अपिल, मदिराजन्य बिक्री र सेवनमा पूर्णबन्देज

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ हेटौंडा-१२ मा १६ मंसिरमा हुने उपनिर्वाचन शान्तिपूर्ण वातावरणमा गराउन सबै पक्षको साथ, सहयोगका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयले अपिल गरेको छ ।



मुख्य निर्वाचन अधिकृतको कार्यालयद्वारा बिहीवार हेटौंडामा आयोजित सर्वदलीय/सर्वपक्षीय बैठकलाई सम्बोधन गर्दै मकवानपुर जिल्ला अदालतको न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत अवनी मैनाली भट्टराईले निर्वाचनलाई शान्तिपूर्णरुपमा सम्पन्न गर्न सबै पक्षले सहयोग गर्न आग्रह गरिन् । उपनिर्वाचनका दिन आयोगले तोकेको निकाय वा अधिकारीले अनुमति दिएको सवारीसाधन मात्र प्रयोग गर्न आमनागरिक, उम्मेदवार तथा दलका नेतालाई उनले अनुरोध गरेकी छन् ।

निर्वाचनका दिन क्रियापुत्री, शारीरिकरुपमा अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिक जस्ता मतदाताको लागि आयोगले तोकेको निकाय वा अधिकारीले अनुमति दिएको सवारी साधन प्रयोग गर्न बाधा नपर्ने भट्टराईले बताइन् । मतदातालाई निर्वाचनका दिन निर्वाचन आचार संहिता, २०७९ को परिच्छेद ५ दफा २१ बमोजिम आचरण पालना गराउने कार्यमा सबैले सहयोग गर्ने समेत उनको आग्रह थियो ।

मतदान केन्द्रमा मतदान गर्न जाँदा प्रज्वलनशील ठोस वा तरलपदार्थ, मोवाइल, क्यामरा साथमा लिएर जान नहुने, कुनै नशालुपदार्थ वा मादकपदार्थ सेवन गर्न नहुने, मतदातालाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले झुटा अफवाह, भ्रामक समाचार फैलाउन वा कुनै अवरोध गर्ने काम गर्न वा गराउन नहुने, राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झन्डा अंकित कपडा, टी-सर्ट, ज्याकेट, गम्छा, टोपी वा क्याप, भेष्ट, लोगो, ब्याज, मास्क, स्टिकर लगाउन वा झोला बोकेर जान नहुने जनाइएको छ ।

प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले निर्वाचन अधिकृतले अनुमति नदिएका सामग्री मतदानस्थल तथा मतगणनास्थल नलैजान, स्वच्छ, निष्पक्ष, स्वतन्त्र, मर्यादित, शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सबैले आ-आफ्नो क्षेत्रबाट प्रभावकारी भूमिका निर्वाह गरिदिन आग्रह गरे । बैठकमा दलका उम्मेदवार तथा प्रनिधिहरुले निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, मर्यादित, शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न आफूहरुको तर्फबाट भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे ।

छलफलमा प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकाल, गोरखबहादुर गण सुपारेटार ब्यारेकका प्रमुखसेनानी निरञ्जन धामी, प्रहरी उपरीक्षक विश्वराज खड्का, सशस्त्र प्रहरीउपरीक्षक ज्ञानप्रसाद भुर्तेल, उपअनुसन्धान निर्देशक प्रज्वल खड्कालगायत सहभागिता रहेको थियो ।

बैठकमा उपनिर्वाचनको तयारी र निर्वाचनका दिन प्रयोग हुने सवारी पासलगायत विषयमा दलका नेता तथा उम्मेदवारसँग छलफल गरिएको थियो ।

बैठकले मतदान प्रतिनिधि नियुक्त गर्दा एउटा मतदान केन्द्रमा एकजना मात्र मतदान प्रतिनिधि रहने गरी नियुक्त गर्ने, यसरी नियुक्ति गर्दा सम्बन्धित वडाअन्तर्गतको सम्बन्धित मतदान केन्द्रमा मतदान गर्न पाउने गरी अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई मात्र मतदान प्रतिनिधि नियुक्त गर्ने निर्णय गरेको छ ।

**मदिरा र नशालुपदार्थको बिक्री-सेवनमा पूर्ण बन्देज**

जिल्ला प्रशासन कार्यालय मकवानपुरले उपनिर्वाचनलाई लक्षित गर्दै हेटौंडा उपमहानगरपालिकाको १२ नम्बर वडामा तीन दिनसम्म मदिराजन्य तथा नशालुपदार्थको बिक्रिवितरण, सेवनमा रोक लगाएको छ ।

१३ मंसिर राति १२ बजेदेखि अर्थात आज शुक्रबारबाट १६ मंसिर दिउँस मतदानकार्य सम्पन्न नभएसम्म उक्त कार्यमा रोक लगाइएको हो । प्रशासनबाट उपनिर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न १२ नम्बर वडासँग सीमाना जोडिएका अन्य क्षेत्रको ५०० मिटरभित्र मदिरा तथा नशालुपदार्थहरु विक्री वितरण र सेवन गर्न नपाउने गरी सूचना जारी गरिएको छ ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम उक्त कार्यलाई पूर्णरुपमा रोक लगाइएको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी घोलकराज ढकालले जानकारी दिए । प्रशासनको सूचनाको बर्खिलाप हुने गरी कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने ढकालले बताए ।

**आजबाट मौनअवधि सुरु**

उपनर्वाचनका लागि आज राति १२ बजेदेखि निषेधित (मौन) अवधि सुरु हुँदैछ । मतदानको समयभन्दा ४८ घण्टाअघि निषेधित अवधि रहने व्यवस्था अनुसार आज राति १२ बजेदेखि नै लागू हुने निर्वाचन आयोगले जनाएको छ ।

मौनअवधिका समयमा कुनै पनि उम्मेदवार वा अन्य व्यक्तिले भौतिक वा सामाजिक सञ्जालमार्फत मत मागनसमेत पाइने छैन । निर्वाचनलाई स्वच्छ र निस्पक्ष बनाउनलाई आयोगले मतदानको ४८ भण्टाअघि निषेधित तथा मौनअवधि लागू गर्ने गर्दछ । यस अवधिको पालना भएनभएको बारेमा आयोगले सूक्ष्म अनुगमन गर्ने जनाएको छ ।

आगामी आइतबार ३३ जिल्लाका ४४ पदका लागि मतदान हुँदैछ । दुई जिल्ला समन्वय समिति प्रमुख, एक/एक मेयर र उपमेयर, गाउँपालिका अध्यक्ष २, उपाध्यक्ष ४ र ३४ वडाध्यक्ष पदका लागि निर्वाचन हुन लागेको हो । मतदानका लागि १६२ मतदान स्थल र २९३ मतदान केन्द्र कायम गरिएका छन । निर्वाचनमा २ लाख २६ हजार ७९९ मतदाता छन् । पुरुष मतदाता एक लाख १४ हजार ९००, महिला मतदाता एक लाख ११ हजार ८९६ र अन्य मतदाता ३ जना छन् ।

# पशुसेवा कार्यालयद्वारा खोरेत रोगविरुद्ध खोप अभियान



साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ पशुमा लाग्ने खोरेत रोग अन्त्यका लागि मकवानपुरमा खोरेत रोगविरुद्ध खोप अभियान थालिएको छ । मकवानपुरको हेटौंडा उपमहानगर पालिका र मनहरी गाउँपालिकामा खोरेत रोगविरुद्ध पशुमा खोप लगाउन थालिएको पशुसेवा कार्यालय मकवानपुरले जनाएको छ ।

१० स्थानीयतह रहेको मकवानपुरमा करिव एकलाख पशु (गाईं र भैंसी) लाई खोप लगाउने लक्ष्य राखिएको पशुसेवा कार्यालय मकवानपुरका पशुचिकित्सक डा.विजय पौडेलले जानकारी दिए । पहिलो चरणमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नं. ९, १२ र १५ मा चारहजार र मनहरी गाउँपालिका वडा नं. ६ र ७ मा दुईहजार डोज खोप लगाउन सुरु गरिएको उनले जानकारी दिए ।

पशुसेवा कार्यालय मकवानपुरले मङ्सिर पहिलो साताबाट सुरु गरेको खोप अभियान पशुको ओसारपसार बढी हुने र रोग फैलने हेटौंडाको रातमाटे र मनहरीको लोथर क्षेत्रलाई बढी प्राथमिकता दिएर सञ्चालन गरिएको हो । बढी जोखिमयुक्त ठाउँमा छ/छ महिना र अन्य ठाउँमा वर्षमा एक डोज खोप लगाइने गरिएको छ ।

एक पकेट खोरेत रोगमुक्त अभियानअन्र्तगत प्रदेश सरकारबाट प्राप्त भएको छ हजार डोज खोप वितरण गरिएको र संघीय सरकारबाट गत बर्षहरुमा झैं यसवर्ष पनि करिव ९६ हजार बढी खोप प्राप्त हुने र यहाँको सबै स्थानीयतहमा खोरेत रोगविरुद्धको खोप अभियान सञ्चालन गरिने पशुसेवा कार्यालय मकवानपुरले जनाएको छ ।

गत आवमा हेटौंडाको १५ र १६ नं. वडाबाट खोरेत रोगको प्रकोप सुरु भएको थियो । जिल्लामा गत आवमा करिव ५५ हजार डोज खोरेतविरुद्धको खोप लगाइएको थियो ।

त्यस्तै चालु आवका लागि पशुसेवा विभागबाट पिपिआर खोप तीन लाख दुईहजार, बंगुर (क्लासिकल स्वाईन फिवर) ८ हजार र गाई भैंसीको लागि भ्यागुतेका लागि दश हजार डोज खोप प्राप्त भएको पशुसेवा कार्यालय मकवानपुरले जनाएको छ । खोरेत रोग लागेका पशुलाई ज्वरो, मुख तथा थुन वरि परि फोका, खुरको कापमा घाउ, खान रुचि खट्नु, खान नसक्नु, झोक्राउनु, झुसिलो देखिनु, मुखबाट र्‍याल काढ्नु लगायत लक्षण देखापर्ने गरेका छन् ।

खासगरी खोरेत रोग सीधा सम्पर्क, हावामा फैलिएका जनावरको श्वासप्रश्वास, दुध, वीर्य, दानामा प्रयोग भएको सङ्क्रमित एनिमल प्रोटिनका स्रोतबाट फैलिने गरेको पशु प्राविधिकहरुको भनाइ छ । पशुमा बिषाणुको कारणले लाग्ने महामारी खोरेत नेपालमा अहिलेसम्म सात प्रजातिको भेटिएका छन् ।

# मनहरीमा साबेलले हानेर आफ्नै साथीको हत्या




साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ मकवानपुरमा कुटपिट गरी आफ्नै साथीको हत्या भएको छ । मकवानपुरको मनहरी गाउँपालिका-६ प्रतापुर लच्का बस्ने ३४ वर्षीय अम्मरबहादुर लोप्चनले आफ्नै घरमा सुतेको अवस्थामा सोही ठाउँ बस्ने ५० वर्षीय साथी जीतबहादुर मोक्तानको कुटपिट गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार दुबैजना सँगै मजदुरी काम गरी हिड्ने, प्रायजसो दुबैजना लोप्चनको घरमा सुत्ने गरेको र सुतिरहेको अवस्थामा एक्कासी सावेलले प्रहार गरी घाइते बनाएकोमा उपचारका क्रममा बिहीबार बिहान मृत्यु भएको हो । राति लेनदेनको कुरामा विवाद गर्दै गर्दा एक्कासी बेल्चाले अम्मरबहादुरले प्रहार गरेर टाउको र दुबै खुट्टामा चोट अवस्था गम्भिर कुटपिट गरी जीतबहादुरलाई घाइते बनाएका थिए ।

मोक्तानलाई कुटपिट गरी घाइते बनाएको र उनको भरतपुर सरकारी अस्पताल चितवन उपचारका क्रममा डाक्टरले मृतघोषणा गरेको प्रहरीले जनाएको छ । कुटपिट गर्ने व्यक्तिलाई सावेल सहित नियन्त्रणमा लिईएको प्रहरीले जनाएको छ । शव चितवनस्थित सरकारी अस्पतालमा नै रहेको जानकारी दिइएको छ ।

# प्रदेश लोकसेवा आयोग सदस्यमा खड्का नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले लोकसेवा आयोग बागमती प्रदेश सदस्यमा दोलखाका रामबहदुर खड्कालाई बिहीवार नियुक्त गरेका छन् । प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ३ को उपदफा १ बमोजिम गठित समितिको सिफारिसमा सोही ऐनको दफा ४ को उपदफा २ बमोजिम खड्कालाई सदस्य पदमा नियुक्त गरिएको प्रदेशप्रमुख कार्यालयले जारी गरेको बिज्ञप्तीमा उल्लेख छ । दोलखा जिल्ला गौरिशंकर गाउँपालिका-५ का खड्कालाई प्रदेश लोकसेवा आयोगको सदस्यमा नियुक्तिको लागि २ मंसिर २०८१ को प्रदेश मन्त्रिपरिषदको बैठकले प्रदेश प्रमुखसमक्ष सिफारीस गर्ने निर्णय गरेको थियो ।

प्रदेश लोकसेवाका तत्कालीन सदस्य सुदर्शन ढकालले ११ कात्तिकदेखि लागु हुने गरी २ कात्तिकमा राजिनामा दिएपछि यो पद रिक्त थियो । ढकालले आफू भन्दा जुनियरलाई अध्यक्ष पदमा नियुक्ति गर्न लागिएको भन्दै राजिनामा दिएका थिए ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७८२८४६१४, ९८४५९२७०५७

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालमैत्री बन्दै हेटौंडा-१९

हेटौंडा उपमहानगरपालिका-१९ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । वडा कार्यालयले मंगलबार पत्रकार सम्मेलनमार्फत् विभिन्न सूचक पूरा गरेसँगै यही मंसिर १९ गते शुक्रबार वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारी गरेको जानकारी दिएको हो । बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने मूलनाराकासाथ वडालाई बालमैत्री वडा घोषणा गर्न लागिएको हेटौंडा-१९ का अध्यक्ष नरनाथ सुबेदीले जानकारी दिए । उनले पूर्णखोपयुक्त, पूर्णसाक्षर, खुल्लादिसामुक्त वडा घोषणा भईसकेको १९ नम्बर वडालाई बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचक पूरा भएको बताए । ४४ वटा सूचक १०० प्रतिशत, एउटा सूचक ९८ प्रतिशत, ३ वटा सूचक ९५ प्रतिशत र एउटा सूचक ९० प्रतिशत, एउटा सूचक ८५ प्रतिशत, एउटा सूचक ८० प्रतिशतसम्म नतिजा हासिल भएको जनाइएको छ ।

अधिकांश भागहरु ग्रामीणस्तरका रहेको यो वडामा घरधुरी तथ्यांक संकलन सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मुनिका बालबालिकाको संख्या ३,३५० रहेको छ । कैलाश गाउँपालिका र राक्सिराङ, मनहरी गाउँपालिकासँग सीमाना जोडिएको हेटौंडा-१९ मा जति धेरै चुनौती छ त्यति नै अवसर पनि छ । पूर्वपश्चिम राजमार्ग, राप्तीखोला, राजमार्गको उत्तरतर्फ रहेका घना जंगल यो वडाको अवसर पनि हो । तर, प्राकृतिक स्रोतलाई कसरी सही उपयोग गर्ने भन्ने विषय भने चुनौतीपूर्ण छ । वनजंगललाई बहुआयामिक रुपमा उपयोग गर्न सकेको खण्डमा अवसरको चाङ देखिन्छ । राजमार्गसँग जोडिएका बस्तीभन्दा थोरै दायाँबायाँ लाग्नेबित्तिकै दुर्गम वडाको चित्रण गर्न सकिने बस्तीहरु छन् । न्यूनतम विकासका पूर्वाधार पुऱ्याउन नसकिने अवस्थाका कारण यो वडाबासी चिन्तित पनि छन् । यो वडामा भएका सम्पदालाई अधिक रुपमा बजारीकरण गर्नका लागि वडाले निकै पापडपेलाई गर्नुपर्ने अवस्था छ । स्नात्तकसम्म अध्यापन हुने निर्मल बहुमुखी क्याम्पस यसै वडामा भएका कारण युवाविद्यार्थीलाई आकर्षित गरेको छ । पहाडी बस्तीबाट अध्ययनका लागि बस्तीपुर झर्नेको संख्या पनि बढ्दो क्रममा छ । पर्सा राष्ट्रिय निकुञ्जको बफर जोन (मध्यवर्तीक्षेत्र) सँग सीमाना जोडिएका कारण यो वडाले प्राकृतिकस्रोतबाट लाभ उठाउन सकेको छैन । नदीजन्य बस्तुको उत्खनन र उपभोगमा समस्या नै छ । कुलेखानी तेस्रोको पानीलाई पुन भूमिगत गरी यही वडामा कुलेखानी चौथो आयोजना निर्माण गर्ने चर्चा पनि चलेको थियो । राप्तीको नदीउकास जमिनमा औद्योगिक प्रतिष्ठान स्थापना गरेर रोजगार सृजना गर्ने सम्भावना पनि रहेको बताइन्छ । यो वडामा बालबालिकाको संख्यामध्ये १ हजार ७२७ बालक र १ हजार ६२३ बालिका रहेका छन् ।

बालबालिकाको संख्यालाई आधार मान्दा ४८.४४ प्रतिशत बालिका र ५१.५५ प्रतिशत बालक रहेका छन् । वडामा सामुदायिक र संस्थागत गरी बालविकास केन्द्रसहित १० वटा विद्यालय संचालनमा रहेको छ । १८ वटा बालसमूह र एक वडा बालसञ्जालमा ४५० जना बालबालिका आवद्ध छन् । विभिन्न संरचनागत समितिमा जम्मा ४९१ जना बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको छ । आजका बालबालिका भोलिका कर्णधार हुन् भन्ने भनाईलाई मनन् गर्दै २१ औं शताब्दीका बालबालिकालाई यो भनाईमाथि नै परिमार्जित गर्दै बालबालिकालाई आजैका साझेदार बनाउन सोही अनुसारका काममा सक्रिय बनाउने प्रयास रहने वडाअध्यक्ष सुबेदीले बताए । स्थानीय सामुदायिक एवम् संस्थागत विद्यालयका विद्यार्थी, विभिन्न टोलविकास संस्थाका सदस्य, विभिन्न संघ-संस्थाको प्रतिनिधिको सहभागितामा प्रभातफेरीसहित औपचारिक घोषणा हुने वडाध्यक्ष सुबेदीले बताए । पछिल्लो समय हेटौंडा उपमहानगरपालिकामा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाक्रम बढ्दो छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर १५ गते शनिबार ३० नोभेम्बर २०२४ । चतुर्दशी, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:३८, सूर्यास्त ५:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# अपेक्षा र सम्भावनाबीच प्रमको आसन्न चीन भ्रमण



✍ श्रीमन नारायण

प्रधानमन्त्री केपी शर्मा ओली यसै महिना उत्तरी छिमेकी चीनको भ्रमणमा जाँदै छन् । नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीको यो चौथो चीन भ्रमण हुनेछ । प्रधानमन्त्री ओलीको यसपटकको चीन भ्रमणमा कुनै ठोस र नयाँ सम्झौता हुने सम्भावना देखिँदैन । विगतमा चीनसँग भएका सम्झौताहरुको कार्यान्वयनको समीक्षा, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणमा चीनबाट प्राप्त ऋणलाई अनुदानमा परिणत गर्न आग्रह गरिने तथा बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) मा नेपालको सहभागिताको विषयमा भएको सम्झौताको कार्यान्वयनको विषयमा चर्चा हुन सक्ने सम्भावना रहेको छ । हुन त एक वर्षअघि तत्कालीन प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) बाट पनि उपरोक्त तीनवटै विषयमा केवल ऋण मात्रै प्रदान गरिन्छ, यसमा अनुदानका लागि गुन्जायस छैन भन्ने कुरा आएको थियो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण पनि बीआरआई अन्तर्गतको ऋणबाट भएको चिनियाँ दाबी भइसकेपछि यसमा सदासयता अथवा राहतको अपेक्षा गर्नु भनेको आफ्ना समर्थक नेता, कार्यकर्ता र बुद्धिजीवीहरुलाई झुटो बोल्नका लागि प्रशिक्षित गर्नु र आम नेपाली जनतालाई भ्रममा राख्नु हो । वर्तमान सरकारको आयु नेपाली कांग्रेसकै हातमा छ तथा नेपाली कांग्रेस बीआरआईको ऋण स्वीकार गर्ने पक्षमा नरहेको कारण प्रधानमन्त्री ओलीको यो चीन भ्रमण केवल औपचारिकतामै सीमित रहने निश्चित छ । अहिले नै नेपालले २५ वर्षभन्दा बढीको ऋण बोक्दै आएको अवस्थामा केवल उत्तरी छिमेकी चीनलाई खुशी पार्नको निम्ति थप ८-१० खर्ब हामीले लिइदिनुपर्ने कार्यलाई राम्रो कसरी मान्न सकिन्छ ?

बीआरआईमा सहभागी भई ऋण काढेका देशहरुमध्ये कसैले पनि सम्पन्नता हासिल गरेको, ती देशहरुमा ऋणको सार्थकता साबित भएको र जनताका जनजीवनमा परिवर्तन आएको तथा देश आर्थिक समृद्धिको बाटोमा लम्केको एउटा पनि उदाहरण छैन । बरु बीआरआईको ऋण लिएर आर्थिकरुपले कंगाल भएको तथा चिनियाँ ऋणको पासोमा परेका देशहरु दर्जनौंको संख्यामा छन् । उत्तरी छिमेकी चीनको सम्पन्नता, समृद्धि र सामर्थ्यमा गर्वको अनुभूति गर्ने र त्यसमा नै नेपालको सफलता हेर्नेहरु अनावश्यकरुपमा बढाई-चढाई बीआरआईको ऋणलाई नेपालको हितमा बताइरहेका छन् ।

श्रीलंका, बंगलादेश, पाकिस्तान, माल्दिभ्स, लाओस, जिबुटी र पूर्वसोभियत संघका एसियाली देशहरु, जो अहिले स्वतन्त्र अस्तित्वमा छन्, तिनीहरु शुरुमै बीआरआईमा सहभागी थिए र अहिले ४० देखि ८० प्रतिशत जीडीपी ऋण र ब्याजको चुक्ता गर्नमा खर्च गरिरहेका छन् ।

केपी शर्मा ओली पहिलोपटक नेपालको प्रधानमन्त्री बन्दा भारतमाथिको निर्भरतालाई हटाउन अथवा कम गर्न चीनसँग सहयोग लिन गएका थिए तर चीनले भने केवल नेपालको उपयोग गर्न चाहेको हो भन्ने यथार्थ प्रधानमन्त्री ओलीलाई पनि राम्ररी अवगत छ, शायद त्यही भएर होला उनले चीनबाट नेपाल फर्कनेबित्तिकै विमानस्थलमा भनेका थिए कि नेपालका दुवै मित्र राष्ट्रहरु आ-आफ्ना हिसाबले महत्वपूर्ण छन् र त्यसको तुलना हुन सक्दैन । नेपाल-चीन सम्बन्धका जटिलता र नेपालका लागि भारतको महत्वबारे उनले अप्रत्यक्षरुपमा गरेका संकेतको रुपमा यसलाई बुझ्नुपर्ने हुन्छ । भौगोलिक कठिनाइका कारण चीन चाहेर पनि नेपाललाई त्यस किसिमको सहयोग गर्न सक्दैन । जुन किसिमको सहयोग भारतबाट सम्भव भइरहेको छ ।

नेपालको संविधान २०७२ को निर्वाचनमा मधेसी दलहरुसित विगतमा भएका सम्झौताहरुलाई सम्बोधन नगरिँदा मधेसी दलहरुले दक्षिणी सीमा नाका केन्द्रित आन्दोलन गरेका थिए । यसले गर्दा भारतसितको आयात-निर्यात व्यापारको विकल्प बनाउन र चीनसित व्यापार-पारवहन सम्झौता गर्न सुझाव दिइएको थियो । त्यस बेला धरातलीय यथार्थलाई बिर्सने काम भयो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणमा कतिपय सम्झौताहरु पनि भए तर ती सम्झौता अहिलेसम्म कार्यान्वयनमा आएका छैनन् । चीनले आफ्नो रुचिको सम्झौता गऱ्यो ।

नेपालको चाहनाअनुसारको इन्धन र ऊर्जा सम्झौता भएको छैन । नेपालमा पेट्रोलियम अनुसन्धान र उत्खननको कुरा आकाशको फलजस्तै हो । उत्तरी छिमेकी चीनले वि.सं. २०७२ मा आएको भूकम्पको बहानामा २-३ वर्षसम्म नेपालसित जोडिएका सीमा नाकाहरुलाई बन्द गरेर राख्यो भने कोभिड-१९ को नाममा थप ५-६ वर्षसम्म आफ्नो सीमानाका बन्द गरेर राख्यो । यसरी करिब ८-९ वर्षसम्म चिनियाँ नाकाहरु बन्द नै थिए । अहिले पनि आयात-निर्यात एक दशकअघिको जस्तो छैन । चीनसित ऊर्जा अथवा प्रसारण लाइन निर्माणको सम्झौता गरेमा पनि नेपाललाई के फाइदा हुने हो ? तिब्बत अथवा चीनलाई नेपालको बिजुली चाहिएको छैन । चिनियाँ कम्पनीहरुद्वारा उत्पादित बिजुली भारतले खरिद गर्नेछैन । नेपाल, चीनको निम्ति कहिल्यै प्राथमिकताको देश रहेन । नेपालबाट चीनको आर्थिक अथवा व्यापारिक स्वार्थ पूरा हुन गइरहेको छैन ।

यस्तोमा नेपालको ऊर्जा विकासमा चीनले ध्यान किन दिने ? दशकौंसम्म नेपालका जलविद्युत् परियोजनालाई ओगटिराख्ने तर परिणाम केही नदिने भएकै कारण नेपाल सरकारले केही चिनियाँ ऊर्जा निर्माण कम्पनीसित सम्झौता पनि तोडेको हो । भारतसँग सम्बन्ध सुधार पनि गर्न नसक्ने तर आशाचाहिँ भारतसँग नै गरिरहने नीति केपी शर्मा ओलीको रही आएको छ । ओलीको रुचि भारतसँग सम्बन्ध सुधारको रहेको छ जस्तो लाग्दैन । भारतविरोधी माहौल सृजना गर्न र उग्र राष्ट्रवादको आधारमा आफूलाई लोकप्रिय बनाउन चाहन्छन् उनी ।

चिनियाँ राष्ट्रपति सि चिनपिङ नेपाल भ्रमणमा आएका बेला नेपाललाई भूपरिवेष्टितबाट भूजडित राष्ट्र बनाउने घोषणा गरेका थिए । नेपाल र चीनबीच यातायात तथा पारवहन सम्झौताको (प्रोटानेकल) तयार भएपछि नेपाललाई तेस्रो देशसँग व्यापार गर्न चीनको बन्दरगाहसम्म सहजरुपमा पहुँच प्राप्त हुने अपेक्षा गरिएको थियो । सहमतिअनुसार चीनले तीनवटा सुख्खा बन्दरगाह (सिगात्से, ल्हासा र लान्याओ) र चारवटा सामुद्रिक बन्दरगाह (सेन्जेन, म्यान्जेन, ल्यानयोङहाङ र झाँ जियायोङ) उपलब्ध गराउने उल्लेख छ ।

यसलाई ऐतिहासिक उपलब्धिको रुपमा व्याख्या गर्ने काम भयो । जबकि यसको कार्यान्वयन कति बढी चुनौतीपूर्ण हुनेछ, यसको वास्ता गरिएन । खासगरीकन पूर्वाधार अभाव र तेस्रो मुलुकसँगको कारोबारमा हुने प्रक्रियागत झन्झटको बारेमा विचार नै पुऱ्याइएको छैन । उत्तरतिरबाट पारवहन सुविधा लिन सरदर ४ हजारदेखि ७-८ हजार किलोमिटरसम्म दूरी तय गरी सामान आयात-निर्यात गर्नुपर्ने हुन्छ । जबकि भारतको बन्दरगाह ८ सयदेखि एक हजार किलोमिटरको दूरीमा छ । चीनबाट सामान ल्याउँदा सामुद्रिक मार्ग छोटो र स्थलमार्ग लामो दूरी पार गर्नुपर्छ । यसले गर्दा ढुवानी खर्च बढी लाग्छ, सामान पनि महँगो पर्नेछ र समय पनि बढी लाग्नेछ । भूकम्प र कोभिडको बहानामा ८ वर्षसम्म आफ्नो सीमानाका बन्द गर्ने उत्तरी छिमेकीले मन परेको बेलामा नाका खोल्ने र मन नपरे बन्द गर्दै आएको छ ।

उत्तरी छिमेकी चीनसँग दौत्यसम्बन्ध कायम भएको झन्डै सात दशक हुन लागेको छ तर यातायात र पारवहनको लागि एउटा पनि राम्रो र स्तरीय मार्ग बन्न सकेको छैन । मधेस आन्दोलनका बेला दुई-चार ट्रक सामान र केही ट्यांकर इन्धन चीनबाट आउँदा त्यसलाई ठूलो उपलब्धिको रुपमा व्याख्या गरिएको थियो । चीनतर्फको पारवहनमा समुद्रको तुलनामा रेलमार्ग र सडकमार्ग धेरै प्रयोग गर्नुपर्नेछ । यसले वस्तु आयात-निर्यातमा आर्थिक भार बढाउनेछ । चिनियाँ बन्दरगाह र बाटो प्रयोग गर्दा व्यवसायीले पूरा गर्नुपर्ने प्रक्रियामा चीनले राख्ने प्रावधानमा सहजता निर्भर हुनेछ । केरुङसम्म रेलमार्ग आउन ५ सय किलोमिटरको काम बाँकी छ । त्यहाँ सुरुङको काम बढी छ । रेलको सपना अझ एक दशक नहेरे हुन्छ ।

नेपालले आफ्नो उद्यम, उत्पादन, गुणस्तर र बाह्य बजार पाउन सक्ने क्षमता नबढाएसम्म यस्ता सम्झौताबाट लाभ पाउन सक्ने छैन, उल्टै चीनको हितमा काम हुन पुग्नेछ । भाषाको समस्या, बढी चिसो ठाउँ, अत्यधिक कर र झन्झटिलो कानुनका कारण चीनसँगको व्यापार तथा पारवहन सम्झौता नेपालको हितमा हुनेछैन । चीनले दिएको एमआई १७ जहाज थन्किएकै छ । त्यसकारण अनावश्यक चिनियाँ मोहबाट बाहिर आउन आवश्यक छ ।

प्रधानमन्त्री ओलीको पहिलो कार्यकालमा चीनसित भएका सम्झौताहरुको कार्यान्वयन पक्षलाई हेर्दा यो निकै कठिन, अव्यावहारिक र असम्भव प्राय: रहेको मान्न सकिन्छ । उदाहरणको रुपमा चीनले आफ्नो चियान्जिङ, बन्दरगाह नेपाली सामानलाई तेस्रो मुलुकतर्फ आयात-निर्यातका लागि प्रयोग गर्न दिने भनेको छ । सिद्धान्तत: यसले तेस्रो मुलुकमा निर्यात गर्दा भारतमाथि निर्भर हुनुपर्ने अवस्थामा कमी आउने मान्न सकिन्छ ।

यसलाई निकै बढाई-चढाई प्रशंसा गरिएको थियो तर सम्झौता भएको साढे आठ वर्ष भइसक्दा पनि यसको उपयोग भएको छैन । केही समयका निम्ति राष्ट्रवादको नारा दिएर आफ्ना समर्थक र मतदातालाई झुक्याउने काम भयो । भारतको हल्दिया बन्दरगाह एक हजार किलोमिटरको दूरीमा मात्रै छ तर चीनको तियान्जिङ बन्दरगाह ३ हजार ३ किलोमिटर टाढा छ । तियान्जिङसम्म पुग्न दुवै देशबीच पूर्वाधार केही पनि बनेको छैन ।

यदि बनिहाल्यो भने पनि समय र पैसाको हिसाबले नेपालले यसलाई धान्न सक्नेछैन । केरुङ-काठमाडौं रेलमार्ग विगत डेढ दशकदेखि चर्चामै छ तर कार्यान्वयनमा आएको छैन । नारायणगढ-बुटवल, सिरहा-सप्तरी, मुग्लिङ-पोखरा लगायत अनेकौं सडक आयोजना, पावर प्रोजेक्ट र अन्य विकास निर्माणका कार्यहरु पनि कछुवाकै गतिमा छन् । प्रधानमन्त्री ओलीले आफ्नो चीन भ्रमणमा उपरोक्त विषयलाई पनि उठाउने अपेक्षा गर्न सकिन्छ । उहाँको आसन्न चीन-भ्रमणबाट नेपालले थप अपेक्षा गर्न सक्ने अवस्था भने देखिँदैन

*(साभार: न्यूज अफ नेपाल)*

# सफल विद्यार्थी कसरी बन्ने ?

✍ श्रीकृष्ण सुलु

भनिन्छ, राम्रो पढ्नेहरू नै राम्रो नेता बन्छन् । राम्रो सिक्नेहरू नै राम्रो कमाउने हुन्छन् । सिकाउन कहिले नथाक्ने शिक्षक र सिक्न जहिले नै उत्सुक विद्यार्थीले नै देशको मुहार फेर्छन् । युरोप-अमेरिका लगायत विकसित देशको प्रगतिले यो यथार्थ प्रस्ट पार्छ, तर हामीकहाँ स्थिति यस्तो छैन । नेपालमा विद्यार्थीमा अध्ययनप्रतिको रुचि घट्दो छ । स्कुल-कलेज सबैतिर नतिजा खस्कँदो छ, ध्यानमा विचलन वा भड्काउ बढ्दो छ, यो अत्यन्तै दु:खद कुरा हो । देश विकासका लागि र सफल विद्यार्थी निर्माणका लागि विद्यार्थीको यो अरुचि र भड्काउपन हटाउनैपर्छ । त्यसका निम्ति यसका कारण र निराकरणबारे प्रस्ट हुनुपर्छ ।

### मन भड्काउने तत्व

एकपटक एक सिद्धहस्त मूर्तिकारलाई सोधियो, तपाईं कसरी यति अद्भुत सुन्दर मूर्ति बनाउनुहुन्छ ? उनले भने, 'म केही गर्दिनँ, मात्र राम्रो मूर्ति बन्नका लागि अनावश्यक भागहरू खोपेर यी ढुंगाबाट हटाउँछु ।' सफल विद्यार्थी बन्न पनि मनलाई भड्काउने तत्त्वहरू हटाउनुपर्छ । फेसबुक, टिकटक, रेडिट, स्न्यापचाट जस्ता सामाजिक सञ्जालह मोबाइल गेमह इन्टरनेटका माध्यमबाट खराब चिज हेर्ने, लागुऔषध सेवन आदिले विद्यार्थीको मन भड्काउने तत्त्वबाट मुक्त हुन सके भने मात्र पनि विद्यार्थी जीवन सफल हुन्छ । अनावश्यक चिजमा धेरै समय दिइयो भने आवश्यक चिजका लागि समय अपुग हुन्छ ।

### समयको सदुपयोग

भनिन्छ एक गेडी त हो नि भनेर अन्न खेर फाल्नेले धन कमाउन सक्दैन, एक क्षण त हो नि भनेर समय खेर फाल्नेले विद्या कमाउन सक्दैन । विद्यार्थीले यो भावनाका साथ काम गर्न सकेन भने अर्थात् एक क्षण मात्र हो नि भनेर समय खेर फाल्ने बानी बसाल्यो भने सफल हुन सक्दैन । विद्यार्थीले सबै काम सकाएर घरमा दिनमा ५-६ घन्टा फ्री समय पाउँछ । यो समय कसरी प्रयोग गर्छ भन्नेमै भर पर्छ सफलता । यो समय पनि सामाजिक सञ्जाल लगायतमा बितायो भने असफल भइन्छ, पढाइमा बितायो भने सफल भइन्छ । समय खेर फाल्ने, दुरुपयोग गर्ने काम गर्दै गयो भने त्यही अनुसारको लत बस्दै जान्छ । समय सदुपयोग गर्ने अभ्यास गर्दै गयो भने त्यही अनुसारको बानी र रुचि बस्दै जान्छ । पूर्वतिर जाने मान्छे पश्चिमतिर लागेर हुँदैन । जेमा सफल हुनुछ, त्यसमै लाग्नुपर्छ ।

### सुख रोज्नु

आजकलका विद्यार्थी धेरै सोखिन छन्, धेरै सुख-सुविधा भोग्न खोज्छन्ह खेलकुद, मनोरञ्जनमा बढी ध्यान दिन्छन् । वास्तवमा सुखार्थी मानिस विद्यार्थी हुन सक्दैन र विद्यार्थी सुखार्थी हुनु हुँदैन । विद्यार्थी जीवन भनेकै मेहनत र संघर्ष गर्ने बेला हो । भनिन्छ, कुकुरको जस्तो निद्रा, बकुल्लाको जस्तो ध्यान, कागको जस्तो प्रयत्न, थोरै खानु, घर छाड्नु, विद्यार्थीका पाँच लक्षण हुन् । संघर्षको सुख नै सर्वश्रेष्ठ सुख हो भन्ने भनाइलाई विद्यार्थीले मन्त्रका रूपमा लिनुपर्छ । विद्यार्थी जीवनमा जति दु:खकष्ट, संघर्ष गऱ्यो, पछि त्यति नै सुख हुने हो, मिठो फल प्राप्त हुने हो । राम्रो पढे राम्रो अंक आउँछ । राम्रो अंक ल्याए, राम्रो काम र अवसर पाइन्छ ।

### लेखेर पढ्ने

किताब हेर्दा आउँछ जस्तो लाग्ने तर त्यही कुरा परीक्षामा लेख्न गाह्रो हुन्छ । लेखेर पढ्ने बानी नहुँदा यस्तो समस्या आउन सक्छ । बुझ्नु ठुलो कुरा हो भने बुझाइलाई पुस्तिकामा उतार्नु झन् ठुलो कुरा हो । लेखेर पढ्यो भने मात्र बुझाइलाई उत्तर पुस्तिकामा उतार्न सजिलो हुन्छ । त्यसैले लेखेर पढ्नुपर्छ । लेखेर पढ्दा स्मरण शक्ति, शुद्धता र आत्मबल बढ्छ । हिसाबजस्तो विषयमा त लेखेरै अभ्यास गर्नुपर्छ । विज्ञान आदिमा चित्र र तथ्यांकसहित पढ्नुपर्छ ।

### निरन्तरता

झरनाले कडा चट्टानलाई पनि खियाउँछ, कारण झरना भनेकै निरन्तर झरिरहनु हो । नियमित पढ्ने औसत विद्यार्थीले पनि प्रतिभावान् विद्यार्थीलाई उछिन्न सक्छ । त्यसैले विद्यार्थीले नियमित पढ्ने बानी बसाल्नुपर्छ । नियमित पढ्ने भन्नाले कक्षामा नियमित बस्ने र अनुशासित बन्ने भन्ने पनि पर्छ । सफलता भनेको प्रतिभा र मिहिनेतको योगफल हो । भनाइ नै छ, प्रतिभावान्ले कडा परिश्रम गर्दैन भने कडा परिश्रम गर्नेले प्रतिभावान् भनिएकालाई पनि हराउँछ । दुई-चार दिन अनिदो बसेर पढ्नुभन्दा निरन्तर केही समय पढ्नु श्रेष्ठकर हुन्छ ।

### किताब मुख्य स्रोत

प्रविधिको जति विकास भए पनि ज्ञानको मुख्य स्रोत किताब नै हो । अहिले कतिलाई प्रविधिको विकासले गर्दा किताब पढ्नुपर्दैन, सबै इन्टरनेटमा छ, त्यहींबाट बुझ्न सकिन्छ भन्ने लाग्छ, तर कुरा त्यस्तो होइन । हुन त इन्टरनेटमा पनि कतिपय पुस्तक हुन्छन्, त्यसका भएका कुरा नपढी बुझिँदैन । कतिले अडियो बुक सुनेको पनि देखिन्छ । सामान्यत: सुनेरभन्दा पढेरै बढी बुझिन्छ ।

किताबमा जति सही र गहिरो ज्ञान अरु स्रोतबाट प्राप्त हुँदैन । ब्लगर, युट्युबर, टिकटिकर वा सामाजिक सञ्जालबाट पनि केही सिक्न नसकिने होइन तर ती भरपर्दा स्रोत होइनन् । यद्यपि यीबाट पनि मूल पुस्तकका बारेमा थाहा पाउन सकिन्छ । यस्तै पत्रपत्रिका वा अनलाइन पोर्टलबारेमा पनि केही चर्चा त हुन्छन्, समग्र विषय बुझ्न पुस्तक नै पढ्नुपर्छ ।

### सूचना प्रविधिको सदुपयोग

सूचना प्रविधिको दुरुपयोगले विद्यार्थीलाई बहकाउँछ भने सदुपयोगले सघाउँछ । सूचना प्रविधिको सदुपयोगले अध्ययन-अनुसन्धानमा महत्त्वपूर्ण सहयोग लिन सकिन्छ । इन्टरनेटमार्फत आफ्नो रुचि अनुसारको अध्ययन सामग्री, अनुसन्धान पत्र, दस्तावेज प्राप्त गर्न सकिन्छ, अध्ययन-अनुसन्धान गर्न सकिन्छ । सूचना प्रविधिको सदुपयोग गर्नु या गर्न जान्नु ज्ञानको नयाँ आँखा हुनुजत्तिकै भइसकेको छ । प्रविधिको विकासले सानो चिप्समा पनि धेरै चिज अटाउने भएको छ । अध्ययन स्रोतका लागि अचेल लाखौं फोटो, दस्तावेज र भिडिओहरू संकलन गरेर राख्न विज्ञान-प्रविधिले सघाएको छ ।

अर्कोतिर, प्रविधिको विकाससँगै सूचना-सञ्चारमा आएको बाढीले कुन सही र कुन गलत छुट्ट्याउन गाह्रो छ । एकातिर जीवन उपयोगीभन्दा क्षणिक मनोरञ्जनका लागि प्रविधिको प्रयोग हुँदा चेतनालाई उत्तेजनाले जितेको छ भने अर्कोतिर धुँवादार गलत प्रचारले गर्दा युवा पुस्ता प्रचारबाजीको सिकार बनेको छ । ग्राहमसको नियम अनुसार, बजारमा खोटो सिक्काले असल सिक्कालाई विस्थापित गरेको छ । किन पढ्नुपऱ्यो र कलेज छाडेका पनि सफल भएका छन्, अर्बपति भएका छन् भन्ने जस्ता प्रचारले कलेज छाड्नेलाई प्रश्रय मिलेको छ, तर ती कलेज छाडेका अर्बपतिले हप्ताको कतिवटा पुस्तक पढ्छन् र कति मेहनत गर्छन् भन्ने प्रचार भएको छैन ।

विदेश गएपछि स्वर्ग नै पुगेजस्तो, विदेशको भन्नेबित्तिकै जुनै शिक्षा पनि स्तरीय शिक्षाजस्तो प्रचार भएको छ । यो ठुलो सांस्कृतिक आक्रमण हो । वास्तवमा हामी कतिपय विदेश गएर पनि सस्तो मजदुर बन्नुपर्छ । विदेशमा काम गरेर पढ्नुपर्ने र नेपालको भन्दा कम क्रेडिट आवरको पढाइ हुने भएबाट त्यो पढाइ राम्रो होइन भन्ने प्रमाणित हुन्छ । सफल विद्यार्थी बन्नका लागि झुटा प्रचारबबाट बच्न आवश्यक छ ।

### कखरा नसिकी कविता

अहिले कति मानिसलाई स्कुल-कलेज किन पढ्नुपऱ्यो र इन्स्टिच्युटतिर केही सीप सिके भइहाल्यो नि भन्ने छ । शिक्षालाई श्रमसँग जोड्नुपर्ने एउटा पक्ष त छ तर कखरा नसिकी कविता लेख्न सकिँदैन । लेखे पनि धेरै त्रुटि हुन्छ । आधारभूत कुरा सबै जान्नैपर्छ । सुमधुर गीत निकाल्न शास्त्रीय संगीत सिक्नुपर्छ भनेजस्तै ज्ञान-विज्ञान बुझ्न शास्त्रीय अध्ययन चाहिन्छ । अहिले केही विशेष घटना या अपवादलाई देखाएर त्यसलाई नियम मान्ने वा नियमझैं गरी व्याख्या गर्नेहरू धेरै छन् । कुनै चिजलाई घटनाका आधारमा होइन, शास्त्रीय ज्ञानका आधारमा विश्लेषण गर्नुपर्छ । अनि मात्र वैज्ञानिक विश्लेषण हुन्छ र सही निचोडमा पुग्न सकिन्छ ।

### भाग्य र मेहनत

आजकल पढे-लेखेको भए पनि कतिपय मानिस असफल भएपछि भाग्यलाई दोष दिन पुग्छन् । परीक्षामा असफल भए वा कतै प्रवेश परीक्षामा नाम निस्केन भने भाग्यमै रहेनछ भन्छन् । वास्तवमा भाग्यमा नभएको होइन, मेहनत नपुगेको हो । सफलता भनेको मेहनत र प्रतिभाको योगफल हो, त्यो नपुगेको हो । गाडी चलाउन नसिकी ट्रायल पास भईदैन, यसमा भाग्यले काम दिँदैन, मेहनत चाहिन्छ । भाग्य नै सबथोक हुने भए बाटो काट्दा जेब्राक्रसमा किन दायाँ-बायाँ हेर्नुपऱ्यो र भन्ने स्टेफन हकिन्सको भनाइ नै छ । अर्को कुरा, भाग्यमा विश्वास गर्नाले मान्छेलाई अल्छी बनाउँछ भने मेहनतमा विश्वास गर्नाले मान्छेलाई मेहनती बनाउँछ ।

### धारणा

घोकेरभन्दा बुझेर पढ्नुपर्छ । धारणा स्पष्ट गरी पढ्नु र कण्ठ गर्नुमा गुणात्मक रूपमा धेरै फरक हुन्छ । किताब पढ्नु र सामाजिक सञ्जाल या इन्टरनेट हेर्नुमा यही फरक छ । दुई र दुई जोड्दा चार हुन्छ भन्ने जान्ने तर कसरी हुन्छ भनेर नजान्नेलाई १ प्लस ३ कति हुन्छ ? १ प्लस १ प्लस १ प्लस १ प्लस बराबर कति हुन्छ भन्ने थाहा हुन्न । घोकेर पढ्नेले वास्तविक जीवनको समस्या हल गर्न सक्दैन । त्यसैले बुझेर पढ्नुपर्छ ।

### परिश्रम, परिश्रम, परिश्रम

विश्वका धेरै विद्वान्ले जति ज्ञान प्राप्त गरे, ती सबैले विद्यार्थीकालको अध्ययनले सघाएको बताउँछन् । त्यसैले विद्यार्थीकालको मेहनत अति नै महत्त्वपूर्ण हुन्छ । मेहनतको विकल्प पनि छैन । नवआगन्तुक विद्यार्थीलाई बिस्मार्कले भनेका थिए, नवआगन्तुकलाई मेरा तीन शब्द– परिश्रम, परिश्रम, परिश्रम ।'

*(साभार: रातोपाटी)*

# न्यायालयमा अघोषित सहमति : लामो पदावधि हुनेलाई सर्वोच्चमा 'नो इन्ट्री'

काठमाडौं/जिल्ला र उच्च अदालतका न्यायाधीशको चौतर्फी असन्तुष्टि र आलोचनापछि न्यायिक नेतृत्वले लामो पदावधि हुने कानुनविद्लाई सर्वोच्च अदालतको न्यायाधीश बनाउन निरुत्साहित गर्ने बाटो लिएको छ । कानुन व्यवसायी वृत्तबाट आएको खरो आलोचना एवं तल्ला अदालतका न्यायाधीशहरूको वृत्तिविकासमा असर देखिएपछि एक दशक वा त्योभन्दा बढी पदावधि हुने व्यक्तिलाई सर्वोच्च अदालतमा न्यायाधीश नबनाउने रणनीति बनेको हो ।




केही वर्षयता नियुक्त भएका कतिपय न्यायाधीशहरूले एक दशकभन्दा बढी अवधि सर्वोच्च अदालतमा बिताउने छन् । अहिलेको रोलक्रम अनुसार, तीमध्ये अधिकांशले प्रधानन्यायाधीशको भूमिकापछि मात्रै अवकाश पाउनेछन् । कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनले यसबारेमा औपचारिक रूपमा आलोचना गरेको अनि तल्लो अदालतबाट माथिल्लोमा जाने आकांक्षी न्यायाधीशहरूको बृत्तिविकासमा अवरोध भएको भनी व्यापक गुनासो आएपछि न्यायिक नेतृत्वले पदावधिको विषयलाई अघोषित नीति नै बनाएर अघि बढेको हो ।

'प्रधानन्यायाधीश र सर्वोच्चका वरिष्ठ न्यायाधीशहरू बीचको सरसल्लाह, फुल कोर्टमा बारम्बार उठिरहेको छलफल एवं न्यायपरिषद्का बैठकहरूबाट आएको आवाज अनुसार अब विगतमा जस्तो लामो अवधि भएकाहरूलाई प्राथमिकतामा नराख्ने तय भएको छ,' सर्वोच्च अदालतका एक न्यायाधीशले संचारकर्मीसँग भने, 'अधिकतम ६/८ वर्ष पदावधि हुनेहरूलाई नै अवसर दिनुपर्छ भन्नेमा हामी एकमत छौं ।'

लामो पदावधि सहित सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त भएपछि कानुन व्यवसायीहरूले विरोध गरेका थिए । वरिष्ठताक्रममा रहेका न्यायाधीशहरूबीच पटक-पटकको छलफलमा लामो पदावधिका बारेमा पुनर्विचार गर्ने सहमति भएको अर्का एक न्यायाधीशले बताए । 'विगतमा जे अभ्यास भयो, अब त्यसलाई निरन्तरता दिन उचित नहुने भनी छलफल भएको छ, र हाम्रो निष्कर्ष पनि त्यही हो,' सर्वोच्च अदालतका ती न्यायाधीशले भने, 'बढीमा ५/७ वर्ष पदावधि हुनेलाई सर्वोच्च अदालतको न्यायाधीश बनाउने र त्योभन्दा बढी अवधि हुनेलाई सर्वोच्चमा ल्याउन हतार नगर्ने भन्ने अघोषित नीति तय भएको छ ।'

हाल सर्वोच्च अदालतमा बहाल १७ मध्ये करिब आधाजसो न्यायाधीशहरूले एक दशकभन्दा बढी अवधि सर्वोच्च अदालतमा बिताउने छन् । तीमध्ये एकाध बाहेक सबैजसो न्यायाधीशहरू प्रधान न्यायाधीशको रोलक्रममा रहेकाले न्यायिक नेतृत्वमा पुगेर मात्रै अवकाश हुनेछन् ।

'एक त लामो अवधि नियुक्त हुने, त्यसमा पनि उनीहरू नै प्रधानन्यायाधीशको रोलक्रममा र हने भएपछि हाम्रो वृत्तिविकास नै हुने भएन भन्ने गुनासो तल्लो तहमा व्याप्त रह्यो,' न्यायपरिषद्का एक सदस्यले संचारकर्मीसँग भने, 'त्यो माग सम्बोधनका लागि पनि अब ५-७ वर्ष भन्दा बढी अवधि भएकाहरूलाई सर्वोच्चमा नियुक्ति गर्न हतारो नगर्ने विषयमा सहमति जुटेको हो ।'

न्यायाधीश नियुक्तिका सन्दर्भमा लिइएको यो नीतिमा प्रधानन्यायाधीश सहित सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशहरू, फुल कोर्ट र न्यायपरिषद्मा पटक-पटक छलफल भएको थियो । 'विगतको नियुक्तिमा जे भयो, भयो,' अर्का एक न्यायाधीशले भने, 'अब यो विषयलाई गम्भीरताका साथ अघि बढाउने कुरा भएको छ ।'

अहिले १५ वर्ष वकालत गरेको व्यक्ति सर्वोच्च अदालतमा न्यायाधीश हुनका लागि योग्य हुन्छन् । तर न्यायपरिषद्ले रणनीतिका रुपमा २५ वर्ष वकालतमा अभ्यस्त नभएकाहरूका हकमा हतारो नगर्ने तयारी गरेको हो । 'अघिल्लो पटक महान्यायाधिवक्ता डा. दिनमणि पोखरेलको नामका बारेमा निकै छलफल र बहस भयो, उहाँको लामो पदावधिका कारण न्यायपरिषद्का कतिपय सदस्यहरू अनिच्छुक देखिए' न्यायपरिषद सम्बद्ध स्रोतले भन्यो, 'अब भने लामो पदावधि सहितका व्यक्तिलाई न्यायाधीशको सिफारिसमा हतार गर्नुहुँदैन भन्नेमा सबैको एकमत हुन पुगेको देखिन्छ ।'

न्यायिक नेतृत्व र सर्वोच्चका वरिष्ठतम न्यायाधीशहरू पदावधिको बारेमा यसरी केन्द्रित हुनुमा कानुन व्यवसायीहरूको दबाब पनि कारक बनेको देखिन्छ । गतवर्ष चितवनको सौराहामा सम्पन्न नेपाल बारको केन्द्रीय कार्यकारिणी परिषद्ले सर्वोच्चको न्यायाधीशको कार्यकाल ७ वर्षमात्रै हुनुपर्ने माग राख्दै त्यसबारेमा अध्ययन गर्न समिति गठन गरेको थियो ।

निकै कम उमेरका व्यक्तिलाई सर्वोच्च अदालतमा न्यायाधीश सिफारिस गर्ने र उनीहरूलाई प्रधानन्यायाधीशको रोलक्रममा राख्ने अभ्यास बढेपछि कानुन व्यवसायीहरूले त्यसमाथि प्रश्न उठाउन थालेका थिए । कम उमेरका व्यक्तिलाई सर्वोच्च अदालतमा लैजाने, लामो समय न्यायाधीश बनाउने र दशकपछिको न्यायिक नेतृत्वका लागि अहिल्यै रोलक्रम तय हुने गरेको भनी बारले सर्वोच्च अदालतका न्यायाधीशको पदावधिवारे बहस सुरु गरेको थियो ।

बारले नै सर्वोच्चका न्यायाधीशको पदावधि तोक्नेपर्ने भनी घोषित रूपमा बहसको सुरुवात गरेपछि न्यायिक नेतृत्व र वरिष्ठतम न्यायाधीशहरू दबाबमा परेका हुन् । संचारकर्मीको सम्पर्कमा आएका सर्वोच्चका एक न्यायाधीशका अनुसार, यो सहमति जुट्नुमा तल्लो तहका काविल न्यायाधीशहरूको दबाबले पनि भूमिका खेलेको छ । ती न्यायाधीश भन्छन्, 'आफूहरूको वृत्तिविकासमा असर परेको भनेर उहाँहरुले नेतृत्वप्रति सधैं प्रश्न उठाउनुभयो । यहाँबाट हेर्दा पनि उहाँहरूको माग कुनै न कुनै रूपमा सम्बोधन हुनुपर्ने देख्यौं ।'

नेपालको संविधानमा सर्वोच्च अदालतका न्यायाधीशहरूको पदावधि तोकिएको छैन, उनीहरूले ६५ वर्षसम्म काम गर्न पाउने व्यवस्था छ । ६५ बर्ष नपुगेको अवस्थामा प्रधानन्यायाधीश हुनेहरू भने बढीमा ६ वर्ष मात्रै पदमा रहन पाउँछन् । कम उमेरमै न्यायाधीशहरूलाई सर्वोच्चमा लगेपछि जिल्ला र उच्च अदालतमा राम्रो कार्यसम्पादन गरेका न्यायाधीशहरूको वृत्तिविकास रोकिएको थियो । कतिपय सक्षम न्यायाधीशहरू पालो नपाएर उच्च अदालतबाटै अवकाश हुने गरेका थिए ।

जिल्ला तहबाटै करियर सुरु गरेका राम्रा र क्षमतावान न्यायाधीशहरू उच्च अदालतको न्यायाधीश हुन पनि कठिन हुने भएपछि कतिपयहरूको मनोबल खस्कने गरेको गुनासो थियो ।

त्यसलाई सम्बोधन गर्न उच्च अदालतका न्यायाधीशहरूको पदावधि बढाउने, न्याय सेवा ऐन जारी गरेर न्यायसेवाका कर्मचारीहरूको पदावधि ६३ वर्षसम्म कायम गर्ने लगायतका विषयमा छलफल सुरु भएको छ । त्यसो हुँदा न्यायाधीशकै लागि आउने दबाब कम हुने र जनशक्ति व्यवस्थापन पनि हुने भन्दै वरिष्ठतम न्यायाधीशहरूले छलफल सुरु गरेका छन् ।

'हामीहरू आन्तरिक रुपमा यसवारेमा बहस र छलफल गरिरहेका छौं, कतिपय विषयमा घोषित रूपमा नभएपनि अघोषित रूपमा नीति बनाएर अघि बढ्ने तयारी छ,' ती न्यायाधीशले भने, 'आगामी दिनमा विगतमा जस्तो लामो पदावधि सहित सर्वोच्चमै न्यायाधीश सिफारिस गर्ने निर्णय अव हुनेछैन ।' सर्वोच्च अदालतमा अहिले ४ सहित उच्च अदालतमा १४ न्यायाधीशको पद रिक्त छ । यो पटकदेखि ५/७ वर्षकै सेरोफेरोमा पदावधि हुनेहरूले न्यायाधीश हुन पाउनेछन् । त्यसका लागि ५५ वर्ष कटिसकेका कानुनवेत्ताको नाम सिफारिस गर्नुपर्छ ।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे बारको राष्ट्रिय सम्मेलनमै उठेको मागबारे अमूर्त वा अनौपचारिक रूपमा सहमति गरेर सम्बोधन हुन नसक्ने बताउछन् । 'हामीले यो विषय संविधान संशोधन मार्फत सम्बोधन हुनुपर्छ भनेका छौं,' उनले भने, 'तर अलिखित रूपमा सहमति वा समझदारीको कुनै कानुनी मान्यता हुँदैन । हाम्रो मागका आधारमा अध्ययन गरेर न्यायाधीशको पदावधि किटान हुनुपर्छ र त्यसलाई संवैधानिक रूपमा सम्बोधन हुनुपर्छ भन्ने बारको धारणा हो ।'

नेपाल बार एसोसिएसनको सिफारिसमा न्यायपरिषद् सदस्य बनेका रामप्रसाद श्रेष्ठको पदावधि १४ मंसिरमा सकिँदैछ । उनको ठाँउमा बारले सिफारिस गर्ने अर्का सदस्यहरूले निर्वाह गर्ने भूमिकाले पनि अर्थ राख्ने न्यायपरिषद्का अर्का सदस्यले बताए । उनका अनुसार, 'जो जस्तो सिफारिस भएपनि लामो पदावधि हुनेहरूलाई नियुक्त गर्न हतारो गर्नु हुँदैन भन्नेमा सबै एकमत छन् ।'

शुक्रबारदेखि अवकाश हुन थालेका न्यायपरिषद् सदस्य रामप्रसाद श्रेष्ठले न्यायाधीशको पदावधिको विषयबारे आफूलाई जानकारी नभएको प्रतिक्रिया दिए । 'अहिलेसम्म कस्तो व्यक्तिलाई न्यायाधीश बनाउने र कति पदावधि रहेकालाई प्राथमिकता दिने भन्नेबारेमा न्यायपरिषद्मा औपचारिक छलफल भएको मलाई जानकारी छैन,' उनले भने, 'न्यायपरिषद् बाहिर छलफल भएको होला । त्यो विषय हामीलाई जानकारी हुने कुरै भएन ।'

२०५८ सालमा जिल्ला न्यायाधीश भएका बालेन्द्र रुपाखेती २०७३ सालमा मात्रै उच्च अदालतमा नियुक्त भएका थिए । लामो समय जिल्लामा रोकिनुपरेकाले उनी लगायतको निकै ढिलोगरी उच्च अदालतबाट बढुवा भयो । अवकाशको बेला भएकाले उनले उच्च अदालतकै मुख्य न्यायाधीशमा समेत अवसर पाएनन् । पूर्वन्यायाधीश रुपाखेती सर्वोच्च अदालतमा पदावधि हेरेर भन्दा पनि योग्यता र दक्षता हेरेर न्यायाधीश चयन हुनुपर्ने बताउँछन् ।

'बढी अवधि भएकै कारण नियुक्ती नगर्ने हो भने कतिपय व्यक्ति छनौट प्रक्रियाबाट बाहिर हुन सक्छन्,' उनले संचारकर्मीसँग भने, 'बरु उच्च अदालतलाई न्यायाधीश नियुक्तिको प्रवेशआधार बनाउने, अनि त्यहाँका काविल न्यायाधीशहरूलाई मात्रै सर्वोच्च अदालत लैजाने हो भने उचित हुने देखिन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'कन्या राशि'बाट बद्री पंगेनीकी छोरी बिहानीले गरिन् अभिनयमा डेब्यु



काठमाडौं/गायक बद्री पंगेनीले नयाँ गीत मार्फत धार्मिक र सामाजिक भ्रातृत्व र सहिष्णुताको सन्देश दिने प्रयत्न गरेका छन् । गीतको बोल छ- 'कन्या राशि ।'

१६ मिनेट लामो यो गीत कुनै म्युजिक भिडियो भन्दा पनि 'म्युजिकल फिल्म' बढी हो जहाँ कथानक फिल्म निर्माणका लागि आवश्यक सबै आधारभूत व्याकरणीय तत्व मिसाइएको छ ।

यो म्युजिकल फिल्ममा हिन्दु युवती र मुसलमान युवक बीचको प्रेम सम्बन्ध र हार्दिकतालाई प्रस्तुत गरिएको छ । आफ्ना गीतहरुमा सामाजिक यथार्थ र सन्देश समेट्दै आएका पंगेनीको नयाँ गीत पनि त्यसकै एक श्रृंखला हो ।

रोचक के छ भने- यो म्युजिक फिल्म मार्फत पंगेनीकी छोरी बिहानीले अभिनयमा डेब्यु गरेकी छन् । उनको अभिनय शैली प्रशंसायोग्य छ । बद्रीले आफ्नो नामको बीचमा समेत कुमार थपेका छन् । भिडियोको निर्देशन र गीतमा संगीत पनि उनैले भरेका हुन् ।

नारायण ज्ञवालीको शब्द रहेको गीतमा पंगेनी र समीक्षा अधिकारीको स्वर छ । प्रशान्त मगरको नृत्य निर्देशन रहेको गीतको भिडियोमा प्रभात पल ठकुरी, बिहानी पंगेनी, अशोक पंगेनी, हमिद मियाँ, भवानी पंगेनी, श्याम पटेलले अभिनय गरेका छन् ।

बद्री पंगेनी युट्युव च्यानलबाट गीत सार्वजनिक गरिएको हो । एलएलबी अध्ययनरत बिहानीले राजनीतिमा रूचि राख्ने जनाइएको छ । उनी सत्तारुढ दल एमाले निकट अनेरास्ववियुको केन्द्रीय सदस्य समेत हुन् । गीत सार्वजनिक हुने वित्तिकै बिहानीले सामाजिक संजालबाट प्रशंसा पाइरहेकी छिन् ।

# काठमाडौं आइपुगे भारतीय कमेडियन सुनिल ग्रोवर

काठमाडौं/हास्य प्रस्तुति दिन चर्चित भारतीय कमेडियन सुनिल ग्रोवर विहिबार काठमाडौं आइपुगेका छन् । शुक्रबार बेलुका नयाँ बानेश्वरको एभरेस्ट होटलको मैदानमा 'सुनिल ग्रोवर लाइभ इन नेपाल' आयोजना हुँदैछ ।

लिक्विड इन्टिलिजेन्सले ग्रोवरलाई नेपाल ल्याएको हो । आयोजकतर्फका विभूषण गौतमले लोकप्रिय नेपाली ब्यान्ड कुटुम्बसँगै ग्रोवरले प्रस्तुति दिन लागेको जानकारी दिए ।

उनका अनुसार ग्रोवरले आफ्ना चर्चित हास्य प्रस्तुतिमार्फत दर्शकलाई मनोरञ्जन दिनेछन् । आफ्ना कमेडी क्यारेक्टरमार्फत चर्चित ग्रोवरले अहिले नेटफ्लिक्समा स्ट्रिमिङ भइरहेको 'द ग्रेट इन्डियन कपिल शो'मा प्रस्तुति दिइरहेका छन् ।



सोनी टिभीमा प्रसारण भएको 'द कपिल शर्मा शो'बाट उनी चर्चामा आएका थिए । उनले त्यसमा रिंकु भाबी र डा. महसुर गुलाटीको भूमिकामा अभिनय गरेका थिए । हाल उनी नेटफ्लिक्समा स्ट्रिमिङ हुँदै आएको 'द ग्रेट इण्डियन कपिल शो'मा देखिंदै आएका छन् ।

सुनिलको यो दोस्रो काठमाडौं आगमन हुनेछ । यसअघि २०७४ सालमा नेपाल आउँदा उनले पशुपतिनाथ मन्दिरको समेत दर्शन गरेका थिए । नेपालमा समेत उनको फ्यान क्रेज लोभलाग्दो छ ।

# 'डोरी'को मुहूर्त, मुख्य भूमिकामा प्रवीण र अञ्जना

काठमाडौं/'मनसरा'का शीर्ष अभिनेता प्रवीण खतिवडा र कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'की अभिनेत्री अञ्जना बराइलीको मुख्य भूमिका रहने फिल्म 'डोरी'को मुहूर्त गरिएको छ । बिहीबार ललितपुरको झम्सिखेलस्थित युला सरस्वती मन्दिरमा क्यामेरा, क्ल्याप बोर्ड र स्क्रिप्ट पूजा गरिएको हो । छायांकन भने आइतबारबाट सुरु हुने निर्देशक अरुण लामाले जानकारी दिए ।

मुहूर्तमा प्रवीण र अञ्जनासहित फिल्मका अन्य कलाकारहरु शिशिर बाङ्गदेल, राज पौडेल, वीरेन्द्र सिंह कुशवाहा, विशाल राई, मिलन राई, नूतन लगायतको उपस्थिति थियो । उनीहरुले सरस्वती मन्दिरमा पूजाआजा गर्दै फिल्म सफलताको कामना गरे । यसमा कविता आले, सजन श्रेष्ठको पनि अभिनय रहनेछ ।

मुहूर्त कार्यक्रममा निर्देशक लामाले फिल्मको नामको अर्थ र गहिराइबारे व्याख्या गरे । 'डोरी' नामले बाँधिएको सम्बन्ध र जिम्मेवारीलाई प्रस्तुत गर्ने जनाउँदै उनले भने, 'फिल्मका पात्रहरू आ-आफ्ना तरिकाले बाँधिएका छन् । कोही जिम्मेवारीको डोरीले, कोही समस्याको डोरीले र कोही मायाको डोरीले । यसले वास्तविकताको खोज र रहस्यलाई उजागर गर्दछ ।' 'डोरी'ले सामाजिक यथार्थ र समकालीन सन्दर्भलाई कथामार्फत जीवन्त बनाउने उनको भनाई छ ।

त्यस्तै, अञ्जनाले फिल्मको आइडिया नयाँ रहेको बताइन् । उनले भनिन्, 'नयाँ प्रोजेक्टमा काम गर्न पाउँदा सधैं रमाइलो लाग्छ । यो फिल्ममा नयाँ आइडिया छ र यसले दर्शकलाई नयाँ अनुभूति दिनेछ भन्नेमा म पूर्ण विश्वस्त छु ।' उनले फिल्म व्यावसायिक रुपमा पनि सफल



हुनेमा विश्वास व्यक्त गरिन् । 'सारङ्गी'को सफलतापछि उनले काम गर्न लागेको यो पहिलो फिल्म हो ।

अभिनेता प्रवीण खतिवडा भने 'डोरी'लाई विभिन्न श्रेणीको मिश्रणको रुपमा परिभाषित गर्छन् । 'यसमा रहस्यमय कथा, सामाजिक यथार्थवाद र 'सस्पेन्स क्राइम'को संयोजन छ । यी तीनवटाको मिश्रणले दर्शकलाई मनोरञ्जन दिनेछ भन्ने विश्वास छ,' उनले भने ।

निर्देशक लामा स्वयंको लेखन रहेको फिल्ममा मनोज पण्डितले 'स्क्रिप्ट डक्टरिङ' गरेका छन् । यसका निर्माता दिनेश भट्टराई तथा कार्यकारी निर्माता राज थापा हुन् । फिल्मलाई सौरभ लामाले छायांकन गर्नेछन् । यसमा संगीत राजनराज सिवाकोटी तथा द्वन्द्व निर्देशन राजु तामाङको रहनेछ । फिल्मलाई आगामी वर्ष अर्थात् सन् २०२५ मा रिलिज लक्ष्य राखिएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop


*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# चिनियाँ वायुसेवाले नेपालमा तिरेनन् ४ अर्ब भ्याट

काठमाडौं/नेपालको मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता नहुने अडान राख्दै चिनियाँ वायुसेवा कम्पनीहरूले उठाइसकेको ४ अर्ब रुपैयाँ बराबर भ्याट तिरेका छैनन् । नेपाल सरकारले भ्याट तिर्न पटक-पटक ताकेता गरे पनि चिनियाँ वायुसेवाहरूले अटेर गरिरहेको अर्थ मन्त्रालयका एक उच्च अधिकारीले बताए ।




सरकारले गत आर्थिक वर्ष २०८०/८१ मा ल्याएको बजेट (आर्थिक ऐन २०८०) मा नै हवाई सेवामा भ्याट लाग्ने व्यवस्था गरेको थियो । त्यो व्यवस्थापछि आन्तरिक राजस्व विभागले सूचना जारी गर्दै आन्तरिक मात्र होइन, अन्तर्राष्ट्रिय हवाई सेवामा पनि भ्याट लाग्ने उल्लेख थियो । त्यसअनुसार नेपाल आउने सबै अन्तर्राष्ट्रिय वायुसेवा कम्पनी भ्याटमा दर्ता भएर कर तिर्न थालेका थिए ।

चिनियाँ कम्पनीहरू भने त्यसरी भ्याट लगाउनु सिद्धान्त विपरीत भएको दाबी गर्दै त्यो हटाउन 'लबिङ' मा लागेका थिए । चीनबाट हाल एयर चाइना, चाइना साउदर्न एयरलाइन्स, चाइना इस्टर्न एयर लाइन्स र सिचुआन एयरलाइन्सले नेपालमा सिधा उडान गर्छन् । अन्य दर्जनौं चिनियाँ वायुसेवाले नेपालबाट काटिएको टिकटमा यात्रु बोक्ने गर्छन् । ती दुवै किसिमका एयरलाइन्सले नेपालमा भ्याट तिर्नुपर्छ ।

उनीहरूले संकलन गरेको भ्याट कम्तीमा ४ अर्ब रुपैयाँ बराबर पुगेको आन्तरिक राजस्व विभाग स्रोतले बतायो । त्यहीबेला नेपालस्थित चिनियाँ दूतावासले पत्र लेखी आफ्नो देशका वायुसेवा कम्पनीलाई भ्याट नलगाउन नेपाल सरकारलाई दबाब दिन थालेको अर्थ मन्त्रालय स्रोतले बतायो ।

'चीनले अन्तर्राष्ट्रिय हवाई टिकटमा भ्याट लगाउनु आधारभूत सिद्धान्त र कानुन विपरीत रहेको पत्र बजेटअघि नै पठाएको थियो । त्यसपछि पनि चिनियाँ दूतावासले पटक-पटक पत्राचार गर्दै आफ्नो देशका वायुसेवा कम्पनीलाई भ्याट तिराए 'राम्रो नहुने' सन्देश दिइरहेको छ,' अर्थ मन्त्रालय स्रोतले संचारकर्मीसँग भन्यो ।

सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत नेपाल आउने वायुसेवा कम्पनीमात्र होइन, नेपाल स्रोत भएका यात्रु बोक्ने तर नेपाल नआउने (अफलाइन) वायुसेवा कम्पनीले पनि नेपालमा भ्याट तिर्नुपर्ने व्यवस्था गरेको छ ।

१५ जेठमा आएको आर्थिक विधेयकमा 'नेपालबाट उडान सुरु नगर्ने अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायक (अफलाइन एयरलाइन्स) ले १५ जेठ २०८० देखि संकलन गरेको मूल्य अभिवृद्धि कर २०८१ असार मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता भई बुझाए त्यसमा लाग्ने ब्याज, जरिवाना, थप दस्तुर मिनाहा हुनेछ,' भन्ने उल्लेख छ ।

यो व्यवस्थाले अब नेपालबाट टिकट काटेर कोही अमेरिकी वायुसेवामार्फत अस्ट्रेलियाबाट अमेरिका उड्यो भने त्यो अमेरिकी वायुसेवाले नेपालमा आएर भ्याटमा दर्ता हुनुपर्ने र भ्याट तिर्नुपर्ने हुन्छ । गत वर्षबाटै इन्टरनेसनल एयर ट्रान्सपोर्ट एसोसिएसन (आएटा) ले नेपालबाट काटिने हवाई टिकटमा भ्याट लाग्ने प्रणाली बनाएको तर अफलाइन एयरलाइन्सले नेपालमा दर्ता भएर कर तिर्न नपाएका कारण यो सुविधा दिएको आन्तरिक राजस्व विभागले जनाएको छ ।

'हामीले भ्याट संकलन गरेका छौं, कहाँ तिर्ने ?' भनेर केही एयरलाइन्सले भनेका कारण यो स्किम ल्याएको विभागले जनाएको थियो । यो व्यवस्था भएपछि विभिन्न देशका वायुसेवा कम्पनी नेपालको भ्याटमा दर्ता भएर कर बुझाए । तर, चिनियाँ वायुसेवा कम्पनीहरूले कर तिर्नुको सट्टा उल्टै चिनियाँ दूतावासले धम्कीपूर्ण पत्र पठाएको मन्त्रालय स्रोतले बतायो । 'चिनियाँ वायुसेवा कम्पनीलाई भ्याट तिराए त्यसले नेपालको पर्यटन लगायत क्षेत्रमा धक्का पर्न सक्ने बेहोराको पत्र दूतावासले परराष्ट्र मन्त्रालय मार्फत पठाएको छ,' अर्थ मन्त्रालय स्रोतले भन्यो । ९५ प्रतिशत वायुसेवा कम्पनी भ्याटमा दर्ता हुने र कर तिर्ने, तर चिनियाँलाई मात्रै विशेष सुविधा दिन नसकिने कुरा आन्तरिक राजस्व विभागले गरेको पनि मन्त्रालय स्रोतले बतायो ।

'नेपालका कम्पनी चीन गए भने उनीहरूले त्यहाँको कानुन मान्नुपर्छ, त्यस्तै चिनियाँले पनि नेपालमा नेपालकै कानुन मान्नुपर्छ, मान्दिनँ भन्न पाइँदैन । यो सरकारको अडान हो,' मन्त्रालय स्रोतले भन्यो । आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले भने चिनियाँ वायुसेवा कम्पनीहरूसँग भ्याटका विषयमा छलफल चलिरहेको बताए ।

पछिल्लो समय चिनियाँ कम्पनीहरूले भ्याटमा दर्ता नहुने तर उठाएको कर भने तिर्ने भन्ने प्रस्ताव ल्याएको पनि उनले बताए । भ्याटमा दर्ता नभई अन्य कुनै माध्यमबाट सरकारलाई उठाएको राजस्व रकम बुझाउन सकिन्छ कि भन्ने प्रस्ताव आएको उनले बताए । 'तर, भ्याटमा दर्ता नभई कर मात्रै तिर्ने कुरा कानुनसम्मत नहुने र त्यसरी कर लिन नमिल्ने कुरा हामीले बताएका छौं,' महानिर्देशक आचार्यले भने, 'चिनियाँ वायुसेवा कम्पनीहरूले यसमा फेरि छलफल गर्ने बताएका छन् ।'

*(स्रोत: अनलाइनखबर)*

# बागमतीमा खानेपानी सबैको पहुँचमा पुर्‍याइने




साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ बागमती प्रदेशमा 'एक घर, एक धारा' अभियान चलाएर खानेपानीमा सबैको पहुँच पुग्ने गरी सरकारले काम गरिरहेको मुख्यमन्त्री बहादुर सिंह लामाले बताएका छन् ।

बागमती प्रदेश खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको आयोजनामा हेटौंडामा आयोजित दुईदिने खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी अभिमुखीकरण कार्यक्रमको बिहीबार उद्घाटन गर्दै मुख्यमन्त्री लामाले प्रदेशभित्र रहेका सबै पालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना बनाउनुपर्ने बताएका हुन् । खानेपानीलाई पहिलो प्राथमिकतामा राखेर पालिकाहरुले योजना छनोट गर्नुपर्ने उनको भनाई छ ।

प्रदेशका १ सय १९ पालिकामध्ये २८ पालिकाले मात्र खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) बनाउनु खुशीको कुरा नभएको पनि उनले सुनाए । यो संख्या धेरै नै बढाउनुपर्ने उनले बताए । कार्यक्रममा बागमती प्रदेश खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री श्याम खड्काले सबै पालिकाले वास प्लान बनाउनका निम्ति यो अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको बताए । खानेपानीका अधुरा योजनालाई पूर्णता दिन मन्त्रालयले काम गर्ने उनले प्रतिबद्धता जनाए ।

पालिकाले अब योजना बनाउँदा व्यक्ति र दलको स्वार्थभन्दा माथि उठेर बनाउन पनि उनले आग्रह गरेका थिए । २ दिनसम्म संचालन हुने कार्यक्रमलाई प्रदेश नीति तथा योजना आयोगका अध्यक्ष गंगादत्त नेपाल, जिल्ला समन्वय समितिका प्रमुख ललित घलान, प्रदेशका प्रमुखसचिव डा.हरिप्रसाद लम्साल, आरआरएनएका अध्यक्ष एवम् अमेरिकाका पूर्वराजदूत डा. अर्जुन कार्की, खानेपानी उपभोक्ता महासंघ नेपालका अध्यक्ष राजेन्द्र अर्याल, खानेपानी मन्त्रालयका सचिव मोहन शाक्य लगायतले सम्बोधन गरेका थिए ।

कार्यक्रममा डा. रजित ओझा र नवीन अधिकारीले कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा वागमती प्रदेशका २२ पालिका प्रमुख, उपप्रमुख, प्रशाकीय अधिकृत र खानेपानीसम्बन्धी सरकारी एवम् गैरसरकारी संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

# मेयर कप कराते प्रतियोगिताको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ नेपाल सितोरियो कराते संघ जिल्ला कार्यसमिति मकवानपुरको आयोजनामा हुन लागेको प्रथम जिल्लास्तरीय मेयर कप खुल्ला कराते प्रतियोगिताको तयारी पूरा भएको जनाएको छ ।

मंसिर १४ र १५ गते हेटौंडामा आयोजना हुने कराते प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिका मेयर मीना कुमारी लामाले गर्ने भएकी छिन् ।

दुई दिन आयोजना हुने प्रतियोगिताको पहिलो दिन उद्घाटन समारोह, सम्पूर्ण काता प्रतियोगिता र महिलाको कुमुते प्रतियोगिता हुनेछ भने दोस्रो दिन पुरुषको कुमुते प्रतियोगिताका सम्पूर्ण खेल, महिला र पुरुषको फाइनल प्रतियोगिता तथा कार्यक्रम समापन हुने नेपाल सितोरियो कराते संघ जिल्ला कार्यसमिति मकवानपुरका अध्यक्ष दीपकबहादुर लामाले बताए ।

तौल समूह अन्तर्गत पुरुषतर्फ २५, ३०, ३५, ४२, ४७, ५२, ५७, ६२, ६७ केजी र महिलातर्फ २५, ३०, ३५, ४०, ४५, ५०, ५५ र ६० केजी तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् । मकवानपुर जिल्लामा रहेका १५ वटा डोजोका ३ सय १५ जना खेलाडीले विभिन्न तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् । जसमा एक डोजोबाट कुमिते पुरुष ९ जना, कुमिते महिला ८ जना, काता महिला र पुरुष २ जना, टिम कोच र मेनेजर गरी २ जना गरी २१ जनाले सहभागिता जनाउने अध्यक्ष लामाले बताए ।

आयोजकले प्रत्येक खेलाडीलाई खाना र बस्नको व्यवस्था मिलाएको जनाएको छ । प्रतियोगिताको लागि लाइसेन्स होल्डर स्थानीय १० जना र बाहिरका २० जना गरी ३० जना रेफ्रीले निर्णायकको भूमिका निर्वाह गर्ने उनले जानकारी दिए । प्रतियोगितामा स्वर्ण, रजत र कास्य जित्ने खेलाडीलाई मेडल र प्रमाणपत्र प्रदान गरिने छ भने उत्कृष्ट खेलाडीलाई नगदको व्यवस्था गरेको आयोजकले जनाएको छ ।

# चुरेको उकालोमा कन्टेन पल्टिँदा दुई घण्टा सडक अवरुद्ध

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ मकवानपुर र बाराको सीमाक्षेत्र हेटौंडा उपमहानगरपालिका-१५ चुरियामाई (चुरे)को उकालोमा मालबाहक कन्टेनर पल्टिँदा दुई घण्टा सडक अवरुद्ध भएको छ ।

एक घण्टापछि क्रेन ल्याएर कन्टेनर पन्छाइएपछि जाममा परेका सानाठूला सवारीसाधन गन्तव्यका लागि अगाडि बढेका थिए । बिहान १० बजे एक घण्टासम्म पूर्व-पश्चिम राजमार्ग अवरुद्ध हुँदा सरकारी सेवामा कार्यरत् कर्मचारीदेखि बिरामी बोकेको सवारीसमेत रोकिन पुगेको थियो । कारण हो, चुरेको उकालो छिचोल्ने वैकल्पिक सडक नहुनु । वैकल्पिक सडक नहुँदा यात्रुहरु लामो समयसम्म सडकमै रोकिन बाध्य थिए ।

मकवानपुर प्रहरीका अनुसार प्रदेश-२-०३-००१ ख ६७८० नम्बरको ट्रक पल्टिँदा सडक पूर्णरुपमा बन्द भएको थियो । बीरगञ्जबाट काठमाडौंका लागि हिँडेको कन्टेनरले मोबिल बोकेको प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

चालक मनहरी गाउँपालिका-६ बस्ने ३० वर्षीय महेश मोक्तानको दाहिने हातमा चोट लागेर उपचारका लागि हेटौंडा अस्पतालमा ल्याइएको प्रहरीले जनाएको छ ।

१९७४ मा निर्मित चुरियामाई सुरुङको वैकल्पिक सडकको रुपमा चुरेको डाँडो काटेर यो सडक निर्माण गरिएको थियो । सडकको दायाँबायाँ चुरेपर्वतले ढाकेको छ । त्यतिबेला साना सवारीलाई भारतबाट काठमाडौं लैजान नेपालका प्रथम स्नातक इन्जिनियर भनिने ब्रिगेडियर जनरल डिल्लीजंग थापाले साढे २ मिटर चौडाइ, ३ मिटर उचाइ र ५०० मिटर लम्बाइको सुरुङ निर्माण गरेका थिए ।

४० मिटर क्षेत्रमा पहिरो खसेर लामो समयदेखि बन्द भएको यो सुरुङलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न बागमती प्रदेश सरकारले पुनःनिर्माण गरेको छ । यद्यपि, सञ्चालनमा आइसकेको छैन् ।

# मकवानपुरमा घटेन डेंगु र स्क्रब टाइफस्को संक्रमण




साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ चिसो बढेसँग डेंगु सङ्क्रमितको संख्या घट्दै गएपनि जिल्लामा जोखिम भने कायमै रहेको छ । चालु आर्थिक बर्ष २०८१/८२ को साउनदेखि मङ्सिर १० गते सोमबार सम्म मकवानपुरमा डेंगु सङ्क्रमित संख्या दुईहजार २२१ पुगेको छ ।

गत आर्थिक वर्षमा जिल्लामा ८९१ जनामा डेंगु भएकोमा चालु आवको मङ्सिर पहिलो सातासम्म डेंगु सङ्क्रमण ह्वातै बढेको तथ्यांक छ । जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार एकहजार १४७ पुरुष र एकहजार ७४ जना महिलामा डेंगु सङ्क्रमण पुष्टि भएको छ । चिसो बढेपनि वितेको २४ घण्टामा थप एकजनामा डेंगु सङ्क्रमण पुष्टि भएको हो ।

जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेका अनुसार जिल्लामा सबैभन्दा धेरै हेटौंडा उपमहानगरमा डेंगु सङ्क्रमित भेटिएका छन् । यहाँ ९०१ पुरुष र ८६६ महिलागरी एकहजार ७६७ जनामा डेंगु सङ्क्रमण पुष्टि भइसकेको छ । त्यस्तै मनहरी गाउँपालिकामा २३० जना, मकवानपुरगढी गाउँपालिकामा ५१, भीमफेदी गाउँपालिकामा ३६ जना, बकैया गाउँपालिकामा २४, थाहा नगरपालिकामा १३, कैलाशमा ९, राक्सिराङ गाउँपालिकामा ८, बागमतीमा ३ जनामा डेंगु पुष्टि भएको हो ।

अन्य जिल्लाका ४० जना र ठेगाना नखुलेको ४० जनामा डेंगु पुष्टि भइसकेको छ । जिल्लाको इन्द्रसरोवरमा डेंगु सङ्क्रमितको संख्या शून्य छ । त्यस्तै जिल्लामा स्क्रब टाइफस्का बिरामीको संख्या ४५२ पुगेको तथ्यांक छ । जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार चालु आर्थिक वर्षको मङ्सिर १० गतेसम्म २९९ महिला र १५३ पुरुष स्क्रब टाइफस्बाट प्रभावित बनेका हुन् ।

हेटौंडा उपमहानगर पालिकामा २८०, मकवानपुरगढीमा ६१, मनहरीमा २९, बकैयामा २८ जना र भीमफेदीमा २० जना, राक्सिराङमा ७ जना स्क्रब टाइफसबाट प्रभावित हुनुभएको छ ।

त्यस्तै बागमतीमा ४ जना, कैलाशमा ३, इन्द्रसरोवरमा एकजना प्रभावित भएका छन् । जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार अन्य जिल्लाका १४ र ठेगाना नखुलेका ५ जना स्क्रब टाइफस्बाट प्रभावित भएका छन् ।

# कुन्छाल सहकारीको व्यावसायिक योजनाबारे छलफल

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/थाहा नगरपालिका-१ मा रहेको कुन्छाल बचत तथा ऋृण सहकारी संस्था लिमिटेडले ४ वर्षे व्यवसायिक योजनाको विषयमा छलफल गरेको छ ।

सहकारी संस्थाको आयोजनामा भएको कार्यक्रममा ४ वर्षमा संस्थाले के के काम गर्ने, कतिसम्मको वासलात पुर्‍याउने भन्ने विषयमा एकदिने कार्यक्रम भएको व्यवस्थापक मनराज गोपालीले जानकारी दिए । संस्थाका अध्यक्ष सुबिन्द्र गोपालीको अध्यक्षतामा भएको कार्यक्रममा सचालक समिति, लेखा समिति, ऋृण उपसमिति, शिक्षा उपसमिति, महिला उपसमिति तथा कर्मचारीको सहभागिता रहेको थियो ।

सहभागीलाई संस्थाका व्यवस्थापक गोपालीले सहजीकरण गरेका थिए । सहकारीको कार्ययोजना सदस्य केन्द्रित गर्दै कारोबारलाई प्रोत्साहन गर्ने, कृषिमा लगानी गर्ने, सदस्यलाई वित्तीय साक्षरता कार्यक्रम संचालन गर्ने, मोवाइल बैंकिङ सेवालाई व्यवस्थित गर्ने, एसएमएस सेवालाई व्यवस्थित गर्ने तथा एटिएमसम्मको ब्यवस्था गर्ने विषयमा कार्यक्रममा छलफल भएको थियो ।

कार्यक्रममा सहकारीले संचालन गर्दै आएको विगतका गतिविधिको समीक्षा तथा भावि योजनामा केन्द्रित भई संस्थाको अवसर, चुनौती र बजारको बारेमा छलफल भएको थियो । कार्ययोजनाको छलफलको क्रममा संस्थाको ४ वर्षे योजना तथा त्यसको लागि बजेट समेत अनुमान गरिएको व्यवस्थापक गोपालीले जानकारी दिए । कार्यक्रम संस्थाका सचिव प्रमोद गोपालीले संचालन गरेका थिए ।

# हेटौंडा-१२ को निर्वाचनको मतगणना बजारमा ल्याएर गरिने




साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१२ को स्थानीय तह उपनिर्वाचनको मतगणना बजार क्षेत्रस्थित सिद्धार्थ माध्यमिक विद्यालयमा गरिने भएको छ ।

१२ नम्बर वडा बजार क्षेत्रबाट करिब आधा घण्टाको दुरीमा मनहरी गाउँपालिकासँग जोडिएको गाउँमा पर्छ । १६ मंसिरमा मतदान सकिएपछि मतगणनाका लागि मतपेटिका हेटौंडा-२, स्थित सिद्धार्थ माविमा ल्याइने निर्णय भएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले जानकारी दिए ।

मकवानपुर जिल्ला अदालतका न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत अवनी मैनाली भट्टराइको संयोजकत्वमा १३ मंसिर बिहीवार बसेको जिल्ला निर्वाचन व्यवस्थापन समितिको बैठकले सिद्धार्थ माविमा मतगणना गर्ने निर्णय गरेको हो । १२ नम्बर वडा कार्यालयमा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयको भौतिक अवस्था, उपलब्ध पूर्वाधार, सुरक्षा र सुविधालाई मध्यनजर गर्दै मतगणना बजार क्षेत्रमा गरिने निर्णय भएको प्रजिअ चिलुवालले जानकारी दिए । राजनीतिक दलहरुले बजार क्षेत्रमै मतपेटिका ल्याएर मतगणना गरिनुपर्ने सुझाव दिएका थिए ।

२०७९ ३० वैशाखमा भएको स्थानीय तह र ४ मंसिरमा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मतगणना पनि सिद्धार्थ माविमा गरिएको थियो । सुरक्षा र भौतिक पूर्वाधारको उपलब्धताका दृष्टिकोणले सिद्धार्थ मावि उपयुक्त मतगणनास्थलको रुपमा विगतदेखिका निर्वाचनमा प्रयोग गरिँदै आइएको छ ।

१२ नम्बर वडाको उपनिर्वाचनमा ९ वटा राजनीतिक दलका ९ जना र स्वतन्त्र तीन जना चुनावी प्रतिस्पर्धामा छन् । यहाँ दुई स्थानमा मतदान केन्द्र स्थापना गरिएको छ । प्रतिभा आधारभूत विद्यालय सिग्रेनीमा पाँचवटा बुथ र विष्णुज्योति आधारभूत विद्यालय भोर्लेमा चारवटा बुथ रहने प्रदेश निर्वाचन कार्यालय प्रमुख हरिप्रसाद ढकालले जानकारी दिए ।


बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
पशु सेवा कार्यालय
हेटौंडा, मकवानपुर

## प्रस्ताव आह्वानको सूचना

सूचना नं. २/०८१/८२
प्रथम पटक प्रकाशित मिति २०८१/०८/१४

यस पशु सेवा कार्यालय, हेटौंडा, मकवानपुरको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम हरु अन्तर्गत 'निजी क्षेत्रको साझेदारीमा दुग्धजन्य पदार्थ भण्डारणका लागि कोल्डरुम निर्माण कार्यक्रम' मा सहभागी हुन इच्छुक एवं मापदण्ड पुरा गरेका आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८१/०९/१३) भित्र तपसिलमा उल्लेखित कागजात सहित कार्यालय समयभित्र यस कार्यालयमा आवेदन दर्ता गराउनुहुन आव्हान गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी दर्ता हुन आएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश नगराइने व्यहोरा समेत सूचित गरिन्छ ।

| क्र.सं. | कार्यक्रम | इकाई | परिमाण | कुल बिनियोजित बजेट | अधिकतम प्रोत्साहन रकम | आवेदक | कार्यविधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | निजीक्षेत्रको साझेदारीमा दुग्धजन्य पदार्थ भण्डारणका लागि कोल्डरुम निर्माण कार्यक्रम | संख्या | ५ | २५ लाख | ५ लाख | कृषक समुह/निजि फार्म/कृषि सहकारी/ कृषि उद्यमी | प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | न्यूनतम १० मे.टन क्षमता हुनुपर्ने |

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू**
१. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि (समुह सहकारीको हकमा अध्यक्षको नागरिकता)
२. अनुसूचि-२ बमोजिमको आवेदन फारम
३. अनुसूची ३ बमोजिमको प्रस्ताव, अनुसूची ४ बमोजिमको प्रतिवद्धता पत्र
४. कृषक समूह/सहकारी/निजी उद्यमीको संस्था दर्ता तथा नवीकरणको प्रतिलिपि र पान नम्बर
५. गत आ.व. (२०८०/०८१) को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
६. कृषक समूह/सहकारी संस्थाको हकमा गत आ.व.को साधारण सभाको बैठकको निर्णय प्रतिलिपि
७. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ (पाँच) वर्षको करार सम्झौता पत्र
८. कार्यक्रममा सहभागि गराईदिने सम्बन्धी सम्बन्धित स्थानीय तह (वडा र पशु सेवा शाखा) को सिफारिस (कारोबार/दैनिक दुध संकलन तथा उत्पादन खुलाएर)
९. यस अघि कम्तीमा ३ वर्षसम्म कुनै पनि निकायबाट यसै प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र,
१०. कार्य स्थान खुल्ने नक्सा
११. कार्यक्रममा सहभागिता सम्बन्धी कृषक समूह/सहकारीको बैठकको निर्णय प्रतिलिपि (सहकारी/समूहको हकमा)
१२. संरचना निर्माणको हकमा लागत अनुमान
१३. सम्बन्धित कार्यविधिमा तोकिए बमोजिम अन्य कागजात ।

**पुनश्चः** कार्यक्रमको लागत साझेदारी सम्बन्धि व्यवस्था कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । सम्बन्धित कार्यविधिहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेभसाइट molmac.bagamati.gov.np मा गई हेर्न वा डाउनलोड गर्न सकिने छ । थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०५७-४१२८२८, ०५७-४१२५७१, ९८५५०२७७२९ र मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ । साथै उल्लेखित कार्यविधिहरुमा कुनै संशोधन भएमा संशोधित कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गरिने छ ।



## शिक्षक आवश्यकता

*दोस्रो पटक प्रकाशित मिति : २०८१/०८/१३ गते*

प्रस्तुत विषयमा यस विधालयको वि.व्य.स.को मिति २०८१/०८/१३ को बैठकको निर्णयानुसार यस विधालयमा रिक्त रहेको नि.मन.वि.सघीय अनुदान (विषय गणित) को पदपुर्ति गर्नुपर्ने भएकोले तपशिलमा योग्यता पुगेका नेपाली नागरिकहरुबाट दिन सक्ने गरी यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :-**
विज्ञापन नं.: ३/२०८१/०८२
पद : शिक्षक
तह : नि.मा.वि. संघीय अनुदान
विषय : गणित
संख्या : १ (एक)
शैक्षिक योग्यता : +२ (माथिल्लो योग्यता भएकालाई प्राथमिकता दिईनेछ)
तलब/भत्ता : नेपाल सरकारको प्रचलित नियमानुसार
उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
दस्तुर: १०००/-
दरखास्त दिने अन्तिम मिति : २०८१/०८/१३
सम्पर्क मिति : २०८१/०८/२१
परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराईनेछ ।
परीक्षाको किसिम : लिखित, मौखिक र आवश्यकतानुसार कार्य अवलोकन ।
**आवश्यक कागजातहरु :-**
नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १ प्रति
शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी १ प्रति
अध्यापन अनुमति पत्रको प्रतिलिपी १ प्रति
हस्तलिखित निवेदन १ प्रति

**श्री शक्तिशाली आधारभूत विद्यालय**
कैलाश-७, भार्ता, मकवानपुर
सम्पर्क नं ९७६७४८४३६२, ९८४५१७५८३६



निर्माण व्यवसायी संघ मकवानपुरबाट जारी

## प्रेस विज्ञप्ती

लगातार विभिन्न देशको युद्व लगायतका कारण आर्थिक मन्दि जस्ता समस्या भोग्दै आइरहेको अवस्थामा अर्थतन्त्रको सिद्वान्त लाई समेत बेवास्ता गर्दै कार्टेलिङ्ग गरी हालै बजारमा सिमेन्टको भाउ बढाइएको प्रति यस संघको गम्भीर ध्यानाकर्षण भएको छ । साथै अव्यवहारिक एवं अवैज्ञानिक ढंगले सिमेन्ट उद्योगीहरुले सिमेन्ट लगायतका निर्माण सामाग्री उत्पादनसंग सम्बन्धित इन्धनसहित कुनैपनि कच्चा पदार्थमा मुल्यवृद्वि नहुँदा पनि कार्टेलिङ्ग गरी पटक पटक गरी प्रति बोरा १०० (एक सय) का दरले मुल्यवृद्वि गरिनु कानुन विपरित रहेको यस संघको ठहर रहेको छ । पटक पटक यस्ता किसिमको मुल्यवृद्वि हुँदा समेत नेपाल सरकार मौन बसेको हुँदा सो कुराहरु ध्यानमा राख्नु हुन समेत आग्रह गर्न चाहान्छौं । साथै म्याद थपमा देखिएको समस्यासँग हाल निर्माण व्यवसायीहरुको बाँकी रहेको भुक्तानीहरु नभएको हुँदा निर्माण व्यवसायीहरु धराशायी स्थितिमा पुगेको बेलामा अप्रत्याशित रुपमा भएको सिमेन्टको मुल्यवृद्वि अविलम्ब खारेज गरी आम उपभोक्तालाई राहत दिन यस निर्माण व्यवसायी संघ नेपाल सरकारका सम्बन्धित निकाय समक्ष जोडदार माग गर्दछौं ।

**राजेन्द्र प्रसाद चौलागाईं**
महासचिव


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना